# सानिमा माई हाइड्रोपावर लिमिटेड


(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ४, काठमाण्डौ
फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९
website : www.maihydro.com E-mail : sanimamai@sanimahydro.com


## एघारौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावहरु,

यस सानिमा माई हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०७९ भाद्र २० गते बसेको बैठकको निर्णयानुसार यस कम्पनीको एघारौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति : २०७९ साल कार्तिक २ गते (तदनुसार १९ अक्टोवर, २०२२) बुधबार ।**

**समय : विहान ११:00 बजे ।**

**स्थान : स्मार्ट दरबार, व्यान्क्वेट, संखपार्क, धुम्बाराही, का.म.न.पा.४, काठमाण्डौमा र विद्युतिय माध्यम ।**

**छलफलका विषयहरू :**

**वार्षिक साधारण सभाका प्रस्तावहरुः**

१. एघारौं वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०७८/७९ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले सिफारिस गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई आ.व. २०७८/०७९ को वितरण योग्य खुद मुनाफाबाट चुक्ता पूँजीको ५.२६३२% नगद लाभांश (कर सहित) वितरण गर्ने ।

५. सञ्चालक समितिको बैठक भत्ता वृद्धि गर्ने ।

६. विविध ।

**वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु :**

१. वार्षिक साधारणसभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन विहान ९ बजेदेखि सभा सञ्चालन रहेसम्म खुल्ला रहने छ।

२. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।

३. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरीएको छ। आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको website : www.maihydro.com मा पनि हेर्न सक्नु हुनेछ।

४. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय धुम्वाराही, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ।

५. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ।

७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ। तर त्यसलाई पारित गरिनु पर्ने प्रस्तावको रुपमा राखिने छैन ।

८. शान्ति सुरक्षाका कारण साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, व्याग नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन् ।

९. वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०७९/०६/१२ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/०६/११ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आ. व. २०७८/७९ को वितरण योग्य खुद मुनाफाबाट नगद लाभांश पाउन योग्य हुनेछन् ।

१०. विद्युतिय (भर्चुअल) माध्यमबाट समेत सभामा सहभागी हुन तथा आफ्नो मन्तव्य राख्न सकिने व्यवस्था मिलाइएको हुँदा, विद्युतिय माध्यमबाट सभामा भाग लिन चाहने शेयरधनी महानुभावहरुले sanimamai@sanimahydro.com वा krant.shrestha@sanimahydro.com मा इमेल गरी वा फोन नं. ०१-४३७३०३० वा ४३७२८२८ मा सम्पर्क गरी साधारणसभा शुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगाबै आफ्नो नाम इमेल ठेगाना टिपाउनु हुन अनुरोध छ। विद्युतिय माध्यम मार्फत उपस्थित हुने शेयरधनी महानुभावहरुलाई Meeting ID / Passcode उपलब्ध गराई सभामा सहभागि हुने व्यवस्था मिलाईने छ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोट : अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा. वडा नं. ४ धुम्वाराही, काठमाण्डौ वा फोन नं. ०१-४३७३०३०, ०१-४३७२८२८ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस सानिमा माई हाइड्रोपावर लि.को एघारौं वार्षिक साधारण सभाको प्रायोजनार्थ आ.व. २०७८/०७९ को वासलात, नाफा-नोक्सान हिसाव लगायत कम्पनीको कारोवारको जानकारीका लागि निम्नानुसार रहेको यस संक्षिप्त आर्थिक विवरण मार्फत जानकारी गराउँदछौ। कम्पनीले नेपाल लेखामान बोर्ड (NASB) को निर्देशन बमोजिम आर्थिक वर्ष २०७८/०७९ को नेपाल वित्तिय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards –NFRS) अनुसार वित्तिय विवरण तयार गरि सोहि बमोजिमको संक्षिप्त विवरण यहाँहरुको जानकारीका लागि यसै साथ प्रकाशित गरिएको छ।

**आ.व. २०७८/०७९ को कारोबारको सिंहावलोकन**

यस कम्पनीद्वारा सञ्चालित इलाम जिल्ला माई नगरपालिका स्थित माई जलविद्युत आयोजना (२२.० मे.वा.) र माई क्यास्केड जलविद्युत आयोजना (७.० मे.वा.) लाई विगतका वर्षहरुमा जस्तै दक्षतापूर्वक सञ्चालन गरि विद्युत उर्जा विक्रीबाट कम्पनीको आम्दानी अधिकतम बनाउने कार्यलाई प्रस्तुत आ.व. २०७८/०७९ मा पनि निरन्तरता दिईएको छ। तसर्थ प्रस्तुत आर्थिक वर्ष समेत विद्युत उत्पादनको स्थिति संतोषजनक रही कम्पनी मुनाफामा नै रहेको छ।

## नेपाल वित्तिय प्रतिवेदन मापदण्ड अनुसारको वित्तिय विवरण

| STATEMENT OF FINANCIAL POSITION | FY 2078-79 | FY 2077-78 |
|---|---|---|
| **Assets** | | |
| **Non-Current Assets** | | |
| Property Plant & Equipment | 14,570,363 | 15,759,601 |
| Intangible Assets | 3,441,876,732 | 3,591,531,846 |
| Right of Use Assets | 3,756,737 | - |
| Held to Maturity Financial Assets | 352,300,000 | - |
| Investment in associates | 1,225,700,000 | 1,225,700,000 |
| Other Financial Assets | - | 45,502 |
| Advance toward Investment in Equity | 35,875,000 | 86,750,000 |
| **Current Assets** | | |
| Other Financial Assets | 556,298,545 | 479,254,268 |
| Other Assets | 15,152,804 | 12,755,351 |
| Inventories | 18,985,105 | 19,062,885 |
| Cash and Short-term Deposits | 73,081,444 | 64,409,658 |
| Current Tax Assets | 2,948,331 | 558,545 |
| **Total Assets** | **5,740,545,061** | **5,495,827,656** |
| **Liabilities** | | |
| **Non-Current Liabilities** | | |
| Borrowings | 1,351,450,097 | 1,713,412,049 |
| Other Financial Liabilities | 6,128,340 | - |
| Other Provisions | 1,375,916 | 1,851,431 |
| **Current Liabilities** | | |
| Borrowings | 334,334,356 | 267,021,534 |
| Other Financial Liabilities | 14,183,130 | 17,031,835 |
| Other Liabilities | 12,511,214 | 9,361,600 |
| **Total Liabilities** | **1,719,983,053** | **2,008,678,449** |
| **Equity** | | |
| Share Capital | 3,089,251,000 | 2,808,410,000 |
| Retained Earnings | 921,810,946 | 672,162,277 |
| Other Reserves | 9,500,062 | 6,576,930 |
| **Total Equity** | **4,020,562,008** | **3,487,149,207** |
| **Total Liabilities and Equity** | **5,740,545,061** | **5,495,827,656** |

| STATEMENT OF PROFIT OR LOSS | FY 2078-79 | FY 2077-78 |
|---|---|---|
| Revenue From Sale of Electricity | 935,026,594 | 850,309,509 |
| Plant Operating Expenses | (88,882,937) | (80,883,418) |
| Gross Profit | 846,143,657 | 769,426,092 |
| Other Income | 51,843 | 1,645,772 |
| Administrative and Other Operating Expenses | (175,269,870) | (175,080,503) |
| **Net Operating Profit** | **670,925,630** | **595,991,361** |
| Financial Costs | (146,080,994) | (185,837,340) |
| Financial Income | 42,678,825 | 9,642,201 |
| **Profit/(Loss) before Tax & Bonus** | **567,523,461** | **419,796,221** |
| Provision for Staff Bonus | (11,350,469) | (8,335,059) |
| **Profit/(Loss) before Tax** | **556,172,992** | **411,461,162** |
| Income Tax Expense | (10,002,682) | (1,941,773) |
| **Net Profit for the Year** | **546,170,309** | **409,519,390** |

| STATEMENT OF CASH FLOW | FY 2078-79 | FY 2077-78 |
|---|---|---|
| **Cash Flow from Operating Activities** | | |
| Net Profit for the year (After Tax) | 546,170,309 | 409,519,390 |
| Adjustment for: | | |
| Amortization | 150,773,976 | 150,727,835 |
| Depreciation | 3,565,276 | 3,995,244 |
| Depreciation of Right of Use Assets | 834,759 | |
| Provision for Tax | 10,002,682 | 1,941,773 |
| Payment of Tax | (10,002,682) | (1,941,773) |
| Employee benefit adjustment | 1,468,827 | 680,476 |
| Lease adjustment | (2,744,073) | - |
| Prior Period Adjustment | - | (2,297,823) |
| **Cash Flow from Operating Activities Before Changes in Working Capital** | **700,069,074** | **562,625,121** |
| **Cash Flow from Changes in Working Capital** | | |
| (Increase)/ Decrease in Current Operating Assets | (81,753,736) | (102,809,128) |
| Increase/(Decrease) in Current Operating Liabilities | 3,124,238 | (12,122,667) |
| **Cash Flow from Operating Activities** | **621,439,576** | **447,693,327** |
| **Cash Flow from Investing Activities** | | |
| (Increase)/Decrease in Work in Progress | | - |
| Capitalization/Purchase of Fixed Assets | (2,376,038) | (1,014,666) |
| (Increment)/Decrease in Intangible Assets | (1,118,862) | (1,603,586) |
| (Increment)/Decrease in Right of Use Assets | (4,591,496) | - |
| Investment in Associates | - | (278,200,000) |
| Realization of Financial Assets | (352,254,498) | 10,167,780 |
| Advance towards Investment in Equity | 50,875,000 | 196,500,000 |
| **Cash Flow on Investing Activities** | **(309,465,894)** | **(74,150,472)** |
| **Cash Flow from Financial Activities** | | |
| Increase/(Decrease) in Borrowings | (294,649,130) | (259,701,534) |
| Payment of Financial Liabilities | 6,128,340 | - |
| Dividend Paid | (14,781,106) | (127,655,000) |
| **Cash Flow from Financial Activities** | **(303,301,896)** | **(387,356,534)** |
| **Total Cash Generated in the Year** | **8,671,786** | **(13,813,679)** |
| Opening Cash & Cash Equivalents | 64,409,658 | 78,223,337 |
| **Cash and Cash Equivalent at the end of The Year** | **73,081,444** | **64,409,658** |